# धनगढीमाई नगरपालिका
## Dhangadhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238


प.सं.(Letter No.): २०७७/०७८
च.नं.(Ref.No.): १२०६

मितिः २०७७।१०।२८

श्री वडा कार्यालय (१-१४) सबै,
धनगढीमाई नगरपालिकाको कार्यालय धनगढी ।

विषयः <u>राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा श्री गृह मन्त्रालय च.नं. ४५५ मिति २०७७।१०।२३ गतेको पत्रबाट राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने विषय पत्रको फोटोकपी यसैसाथ संलग्न छ । सोही पत्रानुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध गरिन्छ ।

२०७७।१०।२८
प्रेम कुमार लामा
अधिकृत (प्रशासन)

वोधार्थः
श्री पदाधिकारीज्यूहरु (सबै),
श्री विषयगत शाखा (सबै),
श्री आर्थिक प्रशासन शाखा,
धनगढीमाई नगरपालिका धनगढी, सिरहा ।

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्या:- प्रजातन्त्र ०७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४५५

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति: २०७७/१०/२३

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषय:- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

सदाझैं राष्ट्रिय प्रजातन्त्र दिवस, २०७७ यही फाल्गुन ६, ७ र ८ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सम्बन्धमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०७७ मूल समारोह समितिका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा २०७७/१०/२० गते मंगलवार प्रधानमन्त्री निवास, वालुवाटारमा बसेको बैठकबाट पारित कार्यक्रम मुताविक जिल्ला स्तरमा निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई तपसिल बमोजिमका कार्यक्रम आयोजना गरी दिवस मनाउने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. जिल्ला स्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकायहरुमा राष्ट्रिय झण्डा फहराउने ।
२. सार्वजनिक निकाय र स्थलहरुको सरसफाई गरी सम्भाव्य स्थानहरुमा राष्ट्रिय झण्डा राखी सजावट सहित सौन्दर्यीकरण अभिवृद्धि गर्ने ।
३. स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्वन्धित सन्देशमूलक कार्यक्रमहरु प्रकाशन-प्रशारण गर्ने ।
४. फाल्गुन ६, ७ र ८ गते साँझ जिल्ला स्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकाय र जिल्लावासीहरुका घर-घरमा समेत दिपावली गर्ने ।
५. दिवस केन्द्रित विभिन्न सांस्कृतिक, साहित्यिक, शैक्षिक क्षेत्र सम्वद्ध सृजनात्मक तथा रचनात्मक प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने ।
६. स्थानीय तहहरु र राष्ट्रिय खेलकूद परिषद् समेतको समन्वयमा विविध खेलकूद प्रतियोगिता कार्यक्रम आयोजना तथा सञ्चालन गर्ने ।

७७/१०/२३
(वासुदेव घिमिरे)
उप-सचिव